# रिनोल्डसबर्ग सिटी स्कूल डिस्ट्रिक्ट

## काममा अबरोध भएका बेलामा अपांगता भएका र अंग्रेजी भाषा सिकाईमा रहेका विद्यार्थीका लागि शैक्षिक सेवा

डिस्ट्रिक्ट(यो विद्यालय) काममा अबरोध भएका समयमा अपांगता भएका र अंग्रेजी भाषाको सिकाईमा रहेका विद्यार्थीहरुका विशिष्टीकृत आवश्यकताका सम्बन्धमा आफ्ना प्रक्रियालाई पुनरावलोकन गर्दछ । भविश्यमा कुनै पनि समयमा हुने अबरोधका क्रममा कर्मचारीले निर्णय गरी यी प्रक्रियाहरु लागू हुनेछन् ।

अबरोधका सम्बन्धमा शिक्षा सम्बन्धी बोर्डको नीति एचओको अवलम्बन गर्दै प्रशासनले विशेष शिक्षा र ५०४(पुनर्स्थापना ऐन १९७३) योजना अन्तर्गतका विद्यार्थीका लागि निम्न प्रक्रियाहरु कार्यान्वयन गर्नेछ । बोर्डले सोही नीति अवलम्बन गर्दै यो प्रक्रिया अंग्रेजी भाषा सिकाईमा रहेका विद्यार्थीका लागि पनि लागू गर्नेछ ।
यो प्रक्रिया सेक्सन ५०४ अन्तर्गत रहेर विशेष शिक्षा प्रदान गर्ने वा अंग्रेजी भाषा सिकाई सेवामा संलग्न कुनै कर्मचारी युनियनले अबरोध गरेको हकमा लागू हुनेछ ।

## आइइपी (इन्डिभिजुलाइज्ड एजुकेसन प्रोग्राम अर्थात् व्यक्तिमा केन्द्रीत शिक्षा कार्यक्रम वा योजना ५०४अन्तर्गत विद्यार्थीका लागि शैक्षिक सेवा

कर्मचारी युनियनले अबरोध गरेपनि अपांगता भएका र नभएका सबै खाले विद्यार्थीकालागि डिस्ट्रिक्ट सार्वजनिक शिक्षा निःशुल्क र उपयुक्त ढंगले व्यक्तिगत आवश्यकता अनुसार आइइपी र ५०४ योजना अन्तर्गत निर्वाध ढंगले उपलब्ध गराउन प्रतिबद्ध रहेको छ ।

## आइइपी अन्तर्गतका विद्यार्थी

डिस्ट्रिक्टको अभिप्राय भनेको कर्मचारी युनियनल अबरोध गरेको समयमा वैकल्पिक स्टाफ भर्ना गरेर भएपनि आइपी अन्तर्गतका विद्यार्थीले कुनैपनि अवरोध व्यहोर्नु नपरोस् वा अवरोधको असर न्यूनतम मात्रै होस् भन्ने हो ।

कुनैपनि युनियन जसका सदस्यहरु विशेष शिक्षा सेवामा संलग्न रहेका छन् उनीहरुले अबरोध सुरु गर्नु अघि हरेक भवनका प्रिन्सिपलको कार्यालयले तोकिएका स्टाफ हरेकको आवश्यकता, विद्यार्थीको संख्या र अन्य कुनै पनि विषय जुन विशेष शिक्षाका विद्यार्थीका लागि विशेष खालको छ त्यसको पहिचान गर्नेछ । जस्तो कि :

- कक्षागत र अपांगता भएका हिसाबले विशेष शिक्षाका विद्यार्थीहरुको संख्याको पहिचान;
- विशेष शिक्षाका लागि कति स्टाफको जरुरी छ भन्ने कुराको निक्यौंल;
- विद्यालय समयमा विशेष औषधीजन्य आवश्यकता पूर्ति गर्नुपर्ने विद्यार्थीको पहिचान;
- विशेष शिक्षाका विद्यार्थीलाई आवश्यक पर्ने यातायात सम्बन्धी व्यवस्थाको पहिचान ।

अबरोधको तयारी भइरहेको समयमा प्रिन्सिपलको कार्यालयले विद्यार्थीका सम्बोधन गर्नुपर्ने आवश्यकताको पहिचान गर्न चेकलिष्ट(कार्यसूची)को उपयोग गर्नेछ ।

काममा अबरोध सुरु हुनुअघि प्रिन्सिपलको कार्यालयले शिक्षकबाट प्राप्त गरेका कुनै आइइपी विद्यार्थीका आवश्यकताका बारेमा तथा  शिक्षक र अन्य स्टाफले भनेका कुराहरुबाट जानकारी राख्ने र पहिचान गर्ने काम गर्दछ । यस क्रममा विशेष शिक्षाका शिक्षकबाट प्राप्त चेकलिष्टलाई प्रयोग गर्न सकिनेछ ।

विशेष शिक्षाका निर्देशक वा केन्द्रिय कार्यालयका प्रशासकले अनुबन्धित पछिल्ला आइइपी सेवा प्रदायक मध्ये कुनले आफ्नो सेवालाई निरन्तरता दिन सक्दछन् भन्ने कुराको पहिचान गर्नेछन् ।
यो सूचना प्रिन्सिपलको कार्यालयलाई उपलब्ध गराइनेछ ।

केही  आइइपी सेवाहरु अवरुद्ध हुने छैनन् किनभने  नियमित रुपमा कन्ट्रयाक्ट गरिएका सेवा प्रदायकहरु जस्तो कि अक्युपेसनल थेरापिष्ट र फिजिकल थेरापिष्टले सदा झैं नियमित रुपमा काम गर्नेछन् । शिक्षकको काममा अबरोधका समयमा पनि अन्य डिस्ट्रिक्ट स्टाफ जस्तो कि प्यारा प्रोफेसनल्स(शिक्षण सहयोगी)ले आइइपी सेवाको जिम्बेवारीबोध गर्दै आफ्नो काम निरन्तर ढंगले अघि बढाउनेछन् ।

## आइइपी अन्तर्गत रहेका विद्यार्थीका अभिभावकहरुलाई जानकारी

अबरोध कार्यक्रमको तिथीका  बारेमा शिक्षा बोर्डलाई सूचना दिइनेछ र  डिस्ट्रिक्टले भविश्यमा हुने अबरोधका बारेमा अभिभावकहरुलाई जानकारी गराउनेछ ।

अन्तरीमकालीन रुपमा आफ्नो अवस्थितीको परिवर्तन बारेमा अभिभावकहरुबाट भएको अनुरोधलाई प्रिन्सिपलको कार्यालयले समयमै जवाफ दिनेछ । जस्तो कि घरलाई दिइएको निर्देशन जसमा  यदि कुनै कर्मचारीको परिवर्तन वा अबरोध जस्ता  परिस्थितिका कारण विद्यार्थीको आवश्यकता पूरा गर्न नसकिने हो भने त्यो बेलैमा अवगत गराइनेछ ।

## ५०४ योजना अन्तर्गतका विद्यार्थी

डिस्ट्रिक्टको अभिप्राय भनेको अवरोधका समयमा  सेक्सन ५०४ अन्तर्गतका विद्यार्थीहरुका लागि उपलब्ध सेवामा अवरोध नहोस् र सकेसम्म  न्यूनतम असरमा वैकल्पिक स्टाफ भर्ना गरेर भएपनि काम अघि बढाउन सकियोस् भन्ने हो ।

काममा अबरोध भन्दा पहिला नै हरेक  प्रिन्सिपलको कार्यालयले तोकिएका स्टाफको आवश्यकता, विद्यार्थीको संख्या र अन्य विशेष विषयहरु जुन ५०४ योजना अन्तर्गतका विद्यार्थीका लागि महत्वपूर्ण छन् तिनको पहिचान गर्नेछ । जस्तो कि विद्यालय समयमा औषधीजन्य आवश्यकता पर्ने विद्यार्थीको पहिचान समेत यसमा पर्दछ ।

प्रिन्सिपलको कार्यालयले ५०४ योजना अन्तर्गतका विद्यार्थी सम्बन्धी अद्योपान्त जानकारीको प्रति समेत प्राप्त गर्दछ ।

## ५०४ योजना अन्तर्गतका विद्यार्थीका अभिभावकलाई जानकारी

अबरोधको कार्यक्रमका बारेमा शिक्षा बोर्डलाई मितिको बारेमा जानकारी दिइनेछ । डिस्ट्रिक्टले भविश्यमा हुने अबरोधको कार्यक्रमको बारेमा अभिभावकलाई सूचना प्रदान गर्नेछ । प्रिन्सिपलको कार्यालयले अभिभावकलाई अबरोधका समयमा शैक्षिक सेवाको बारेमा जानकारी समेत दिनेछ ।

कुनै अबरोध पश्चात आइइपी वा ५०४ योजना अन्तर्गतका विद्यार्थीका अभिभावकलाई उनीहरुका केटाकेटीको प्रिन्सिपलको कार्यालयमा सम्पर्क गर्न र पढाई अवरोध भएकोमा त्यसको क्षतिपूर्तिजन्य कुनै व्यवस्था वा उपचारात्मक सेवाको व्यवस्था छ कि छैन भन्ने बारेमा जानकारी लिन सूचित गरिनेछ ।

## अंग्रेजी भाषा सिकाई (इएलएल)मा संलग्न विद्यार्थीलाई शिक्षा सेवा

अबरोधका समयमा इएलएल विद्यार्थीका लागि अंग्रेजी भाषा सेवा दिन डिस्ट्रिक्ट प्रतिबद्धता व्यक्त गर्दछ ।

डिस्ट्रिक्टको अभिप्राय भनेको अबरोधका समयमा इएलएलका विद्यार्थीको पढाईमा बाधा नहोस् भन्ने हो । भएको अवरोधलाई रोक्न वा कम गर्नकालागि वैकल्पिक स्टाफको नियुक्ति गरिनेछ जसले गर्दा योजना अन्तर्गतका काम गर्न सकियोस् ।

कुनैपनि अबरोध अघि प्रिन्सिपलको कार्यालयले स्टाफहरुको आवश्यकता, विद्यार्थीको संख्या र अन्य विशेष कुराहरु जसले इएलएलका विद्यार्थीको पढाईमा अवरोध नहोस् ती कुराको पहिचान राख्नेछ ।

## इएलएल अन्तर्गतका विद्यार्थीका अभिभावकलाई जानकारी

शिक्षा बोर्डलाई घटनाको तिथीको बारेमा सूचना दिइने छ । डिस्ट्रिक्टले भविश्यको अबरोधको बारेमा अभिभावकलाई जानकारी दिनेछ ।

प्रिन्सिपलको कार्यालयले इएलएल विद्यार्थीका अभिावकलाई यसबारेमा संभव भएसम्म उनीहरुको मातृ भाषामा नै विद्यार्थीलाई दिइने सेवाका बारेमा जानकारी दिनेछ ।

कुनै पनि अबरोधपछि अभिभावकहरुलाई विद्यार्थीको प्रिन्सिपलको कार्यालयमा सम्पर्क गरी अबरोधबाट भएको असुबिधाको क्षतिपूर्तिस्वरुप कुनै सेवा उपलब्ध छ कि छैन भन्ने बारेमा जानकारी लिन सक्ने बारेमा सूचित गरिनेछ ।